# माधव नारायण नगरपालिका
# Madhav Narayan Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

माधोपुर, रौतहट
Madhopur, Rautahat,
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

सम्पर्क : ९८५५०४०८२९
९८५५०४४०२५
९८५५०४०४१७


पत्र संख्या : ०७७/०७८

मिति :- २०७८/०२/०१

### वडा सिल गरिएको सम्बन्धि अत्यन्त जरुरी सूचना

यस रौतहट जिल्लामा कोभिड-१९ को संक्रमण तीव्र गतीमा बढ्दै गएको र हालै मात्र यस नगरपालिकाको वडा नं. २, खेसरहियामा विभिन्न वडाका संक्रमित व्यक्तिहरुको कन्ट्याक्ट ट्रेसिङ्गबाट ६८ जनाको स्वाव संकलन गरी गौर अस्पताल पि.सि.आर ल्याव पठाईकोमा ती मध्ये हालसम्म १६ जनाको रिर्पोट पोजिटिभ आएको जसमध्ये १२ जना संक्रमित यस नगरपालिकाको वडा नं. १, दिपहीको रहेको हुँदा यस नगरपालिका भित्र समेत कोरोना संक्रमण समुदाय स्तरमा देखा परिसकेको हुनाले कोभिड-१९को संक्रमण समुदाय स्तरमै जन जनमा फैलिन नदिन, यसको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी वनाउन, कन्ट्याक्ट ट्रेसिङ्गको कार्यलाई सहज गराउन तथा सम्भावित जोखिमलाई न्यूनीकरण गर्नका लागि आज मिति २०७८/०२/०१ गत्ते राती १२ वजे देखि लागु हुने गरी मिति २०७८/०२/०७ गत्ते राती १२ बजेसम्म यस नगरपालिकाको वडा नं. १, दिपही क्षेत्र भरी लागु हुने गरी व्यापार व्यवसाय गर्न, अत्यावश्यक काम बाहेक हिँडडुल तथा आवत जावत गर्न प्रतिवन्ध लगाउने गरी सिल गरिएको व्यहोरा जानकारी गराईन्छ ।

यसका साथै स्वावको नमुना दिएका व्यक्तिहरु अनिवार्य रुपमा आफ्नो घरमै वस्नुहुन, कोभिड-१९ सँग मिल्दो जुल्दो लक्षण देखिएका व्यक्तिहरु तथा संक्रमण पुष्टि भएका व्यक्तिहरु आफ्नो घरमै सेल्फ/होम आईसोलेसनमा बसी सम्वन्धित वडाको वडा अध्यक्ष वा नजिकैको स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी वा नगरपालिकाको स्वास्थ्य शाखामा सम्पर्क राख्नुहुन समेत जानकारी गराईन्छ ।

पुनश्चः आफु र आफ्नो परिवारको जीवन रक्षाका लागि सम्पूर्ण नगरबासीहरु आ-आफ्नै घरमा सुरक्षित रुपमा बसी कोभिड-१९ संक्रमणको जोखिमबाट बच्न र समुदायलाई वचाउनका लागि समय समयमा साबुन पानीले मिचिमिचि हात धुनुहुन, मास्क र स्यानीटाईजरको प्रयोग गर्नुहुन, सामाजीक दुरी कायम गर्नुहुन तथा अत्यावश्यक कार्यका लागि घर बाहिर निस्किनु परेमा स्थानीय प्रहरीसँग अनुमती लिई मात्र निस्किनुहुन अनुरोध छ ।

२०७८/०२/०१

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत

प्रलव कायस्थ
प्रमुख प्रशासकिय अधिकृत